REGIONAL NEWS UNIT

BROADCAST: 18:40 hrs    Date: 22.02.2024

आकाशवाणी

## CM-Condolences

मुख्यमन्त्री प्रेमसिंह तामाङले पद्मश्री तुलाराम उप्रेतीको निधनमा समवेदना व्यक्त गर्नुभएको छ। उहाँले आफ्नो आधिकारि सामाजिक सञ्जाल पोस्टमा भन्नुभएको छ, उप्रेतीज्युको एक सय वर्षको उमेरमा निधन भएको थाहा पाउँदा म अत्यन्तै दुखी छु। उहाँ कृषि र जैविक खेतीको क्षेत्रमा अग्रज व्यक्तित्व हुनुहुन्छ र उहाँले सिक्किमको दिगोपन र आत्मनिर्भरताको यात्रालाई आकार दिन महत्त्वपूर्ण भूमिका खेल्नुभएको छ। मुख्यमन्त्रीले स्वर्गीय उप्रेतीको अमूल्य योगदानले हाम्रो समाजमा अमेट छाप छोडेको र भावी पुस्तालाई प्राकृतिक अनि जैविक खेतीको समृद्ध परम्परालाई कायम राख्न प्रेरित गरेको बताउनुभयो। उहाँले थप भन्नुभएको छ, म सिक्किमका जनताको तर्फबाट उहाँको शोकसन्तप्त परिवार, आफन्तजन, मित्रगण र शुभचिन्तकहरूप्रति हार्दिक समवेदना प्रकट गर्दछु र महान् दिवंगत आत्माको चिरशान्तिको कामना गर्दछु।

## Pakyong-Awareness Programme

राज्य स्थापनाको पचासौँ गौरवशाली वर्ष तथा अन्तर्राष्ट्रिय सहकारी वर्षको स्मरणमा पाकिम जिल्ला सहकारिता विभागले आज सरम्सा उद्यनमा बृहत् सहकारी सचेतना कार्यक्रम आयोजना गऱ्यो। यस पहलले जिल्लाभरिका सहकारी सदस्य र अधिकारीहरूलाई संलग्नता, शिक्षा, र नेटवर्किङलाई प्रवर्धन गर्न आह्वान गरेको थियो। यसअतिरिक्त, सिस्को ब्याङकले सहभागीहरूलाई कर्जा व्यवस्थापन र सहकारीमा उपलब्ध विभिन्न प्रकारका कर्जाबारे जानकारी गराउन वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरेको थियो। सहभागीहरूले विभिन्न सहकारी क्षेत्रका प्रतिनिधिहरूसँग संलग्न हुने अवसर पनि पाए, जसले गर्दा उनीहरूलाई सहकारी ब्याङकिङ, उद्यमशीलता र सरकारद्वारा सञ्चालित योजनाहरूबारे बहुमूल्य अन्तर्दृष्टि प्राप्त भयो।

## Volunteers Trained

भारतीय हिमालयन सेन्टर फर एडभेन्चर एण्ड इको टुरिजम, चेम्चेले पर्यटन तथा नागरिक उड्डयन विभागको तत्वावधानमा आज जेएन रोड, क्योङनोस्ला क्षेत्रमा स्वयंसेवकहरूका लागि खोज तथा उद्धारकार्य सञ्चालन तालिम कार्यक्रम आयोजना गऱ्यो। जेएन रोडका २१ प्रशिक्षार्थी र मंगनका एक बाइकर समूह समावेश यो प्रशिक्षण सत्र सिक्किम इन्स्पायर्स प्रजेक्टको भागका रूपमा सञ्चालन गरिएको थियो। पहलको उद्देश्य स्थानीय स्वयंसेवकहरूलाई आपतकालीन अवस्थामा पाइला चाल्न आवश्यक सिपहरू प्रदान गर्नु रहेको थियो। केन्द्रका प्रशिक्षकहरूले खोज र उद्धारकार्यमा केन्द्रित व्यापक र व्यावहारिक प्रशिक्षण कार्यक्रम सञ्चालन गरे। सहभागीहरूले आपतकालीन अवस्थाहरूमा आफ्नो दक्षता बढाउन विभिन्न उपकरण र विधिहरू प्रयोग गरी सङ्कटमा परेका व्यक्तिहरूलाई पत्ता लगाउने र सहयोग गर्ने महत्त्वपूर्ण तरकिबहरू सिके। कार्यक्रममा वास्तविक जीवन घटनाहरूको अनुकरण गर्ने व्यावहारिक अभ्यासहरू समावेश थिए, जसले सहभागीहरूलाई आफूले हासिल गरेका नयाँ सीपहरूलाई नियन्त्रित वातावरणमा लागू गर्न सक्षम बनाउनेछ। यस पहलले सामुदायिक लचिलोपनलाई बलियो बनाउन मात्र होइन स्वयंसेवकहरूमाझको सामुहिक कार्य र सहयोगलाई पनि बढावा दिन्छ।

## Pakyong- District Mission Revival

फ्राइडे फिल्ड-फार्म डे पहल अन्तर्गत खेतीका लागि बाँझो भूमिको पुनरुत्थान मिशनले पाकिम जिल्लामा महत्त्वपूर्ण कोसेढुङ्गा पार गरेको छ। प्रत्येक हप्ता, कर्मचारीहरू सक्रिय रूपमा कृषि, बागवानी र पशुपालन विभागहरूसँग फिल्डवर्कमा भाग लिँदैछन्, जसले कृषि र बागवानी रूपान्तरणमा उल्लेखनीय प्रगति भएको छ। यो अभियान मुख्यतः मकै खेतीमा केन्द्रित गरिएको छ, फलस्वरूप विशाल बाँझो जमिनलाई खेतीयोग्य खेतमा रूपान्तरित गर्न सकिएको छ। यस पहलले स्वयं सहायता समूहहरूलाई पनि खेती गर्न प्रेरित गरेको छ, र युवा पुस्ताले बिस्तारै कृषिमा संलग्न हुँदा प्राप्त हुने सम्मान र आत्मनिर्भरतालाई स्वीकार गरिरहेका छन्। निकट भविष्यमा अझ धेरै बाँझो भूमि उर्वर, खेतीयोग्य खेतहरूमा परिणत हुनेछ भन्ने अपेक्षा गरिएको छ। यो सामूहिक प्रयास दिगो कृषि विकास हासिल गर्न र किसान समुदायका लागि आत्मनिर्भरता सुनिश्चित गर्ने दिशामा ठूलो कदम हो।

## Mangan-Athletics

दोस्रो जिल्लास्तरीय एथलेटिक्स मीट २०२५ मङ्गनको दोस्रो र अन्तिम दिन सफलतापूर्वक सम्पन्न भएको छ। प्रतियोगिता मङ्गन जिल्ला एथलेटिक्स संघले खेलकुद तथा युवा मामिला विभाग मङ्गनको सहकार्यमा आयोजना गरेको हो। प्रतियोगिताको दोस्रो दिन, एथलीटहरूले धेरै विधामा प्रतिस्पर्धा गरे, जसमध्ये अधिकांश प्रतियोगिता अन्तिम चरणका लागि भएका थिए।

## Volleyball

गान्तोकको ताथाङचेनस्थित स्वतन्त्रता सुविधा पुनर्स्थापना केन्द्रले आज आफ्नो स्थापना दिवस इन्टर-रेहब भलिबल शोडाउनको साथ पालन गरेको छ। कार्यक्रममा गान्तोकका जिल्लापाल तुषार निखारे प्रमुख अतिथिका रूपमा उपस्थित हुनुहुन्थ्यो।